# गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

काठमाडौं नेपाल

मिति: २०७३ कार्तिक २१ गते

## प्रेस विज्ञप्ति

गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारणका लागि आयोगले मिति २०७३ कार्तिक ४ गते स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समितिलाई दिएको संशोधित कार्यशर्त तथा कार्यविधि वमोजिम मिति २०७३ कार्तिक २० सम्म समय सिमा दीईएकोमा हालसम्म २६ जिल्लावाट प्रतिवेदन प्राप्त भएकोमा प्रतिवेदन पेश गर्ने सवै स्थानीय तह प्राविधिक सहयोग समिति, जिल्लाका सम्वन्धित राजनीतिक दल र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ । साथै, प्रतिवेदन पेश गर्न वाँकी जिल्लाले छिटो माध्यामद्वारा प्रतिवेदन पेश गर्न सवै स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समितिलाई आयोग पुन: अनुरोध गर्दछ ।

आयोगले मिति २०७३ कार्तिक ४ गते स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समितिलाई दिएको संशोधित कार्यशर्त तथा कार्यविधि अनुसारको मापदण्ड र जिल्ला भीत्र वन्न सक्ने अधिकतम ईकाईको सिमा (Range) का सम्वन्धमा केही जिल्लाहरुमा द्विविदा रहेको वुझिन आएकोले उल्लेखित कार्यशर्त तथा कार्यविधिमा उल्लेख भएको मापदण्ड र अधिकतम सिमा भित्रै रही पुनसंचनाको सिफारिस गर्नहुन तथा तोकिएको अधिकतम सिमा भन्दा वढी हुनेगरी पुनसंरचना प्रस्ताव भै आएमा उक्त प्रस्तावलाई आयोगले स्वीकार गर्न नसक्ने ब्यहोरा समेत जानकारी गराउदछौं । साथै, तोकिएको मापदण्ड र अधिकतम सीमा भीत्र प्रतिवेदन पेश नगर्ने वा अधिकतम राजनीतिक सहमति विना प्रतिवेदन पेश गर्ने जिल्लाहरूको हकमा पहिले सहमति भै प्राप्त भएको प्रतिवेदनलाई नै आधार मानी गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वयत्त क्षेत्र निर्धारण गरिने छ । यसैगरी तोकिएको मापदण्ड र सीमा भीत्र प्रतिवेदन पेश नगर्ने वा एक भन्दा वढी प्रतिवेदन पेश गर्ने जिल्लाहरुको हकमा संवन्धित स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समिति र विज्ञहरुको परामर्शमा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्र निर्धारण गरिने ब्यहोरा समेत सवैको जानकारीको लागि अनुरोध गर्दछौं ।

प्रतिवेदन पठाउन वाँकी रहेका जिल्लाका प्राविधिक सहयोग समितिलाई आवश्यक सहयोग गरी तुरुन्त आयोगमा प्रतिवेदन पठाउन सहयोग गर्नहुन सवै राजनीतिक दल, नागरीक समाज, पत्रकार लागायत संपुर्ण महानुभावहरुमा आयोग हार्दिक अनुरोध गर्दछ ।

(डा. हरि पौडेल)
सदस्य सचिव एवं प्रवक्ता